# मधुवन नगरपालिका

# मधुवन राजपत्र

खण्डः ७ संख्याः १० प्रमाणीकरण मितिः २०८०/०३/०८
प्रकाशन मितिः २०८१/०१/२०

भागः २
मधुवन नगरपालिका

## नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

प्रस्तावनाः

मधुवन नगरपालिका भित्र स्वास्थ्य सेवा बाट कुनै पनि नागरीक वञ्चित हुने अवस्था बढ्न नदिन उपलब्ध श्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले स्थानीय तहलाइ प्रत्यभूत गर्न स्वास्थ्य सम्बन्धि अधिकारलाइ कार्यान्वयन गर्न, नगरपालिकाबाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवा लगायतको स्वास्थ्य सेवालाइ सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरीय बनाउन, नगरपालिकाले स्थापना गरेको नगर अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धि विधि निर्धारण गर्न वाञ्छनिय भएकोले, नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०७७ र निति

२०७८ बमोजिम मधुवन नगरपालिका नगर कार्यपालिकाको मिति २०८० असार ८ गतेको २६ औं वैठकले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यो कार्यविधिको नाम मधुवन नगरपालिकाको "नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० रहेको छ ।

ख. यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्विधिमा-

क. "अस्पताल" भन्नाले मधुवन नगरपालीले संचालन गरेको नगर अस्पताललाइ सम्झनुपर्छ ।

ख. "अध्यक्ष" भन्नाले अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ ।

ग. "प्रमुख" भन्नाले मधुवन नगरपालिकाको नगरप्रमुखलाइ सम्झनु पर्छ ।

घ. "उप प्रमुख" भन्नाले मधुवन नगरपालिकाको उप प्रमुखलाइ सम्झनु पर्छ ।

ङ. "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले मधुवन नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाइ सम्झनुपर्छ ।

च. "अस्पताल प्रमुख" भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये सबैभन्दा जेष्ठ कर्मचारी वा समितिले तोके बमोजिमको कर्मचारीलाइ सम्झनु पर्छ ।

छ. "ऐन" भन्नाले मधुवन नगरपालिकाको "स्थानिय स्वास्थ्य सेवा ऐन २०७६" लाइ सम्झनु पर्छ ।

ज. "कार्यपालिका" भन्नाले मधुवन नगरपालिकाको नगरकार्यपालिका सम्झनुपर्छ ।

झ. "कार्यविधि" भन्नाले नगरअस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८० सम्झनु पर्छ ।

ञ. "संयोजक" भन्नाले स्थाइ कर्मचारी मध्ये बाट समितिले नगरपालिका र अन्य निकाय संग समन्वय, पत्रचार आदि कार्य गर्न तोकेको व्यक्ति सम्झनु पर्छ ।

ट. "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।

ठ. "नगरपालिका" भन्नाले मधुवन नगरपालिका सम्झनु पर्छ ।

ड. "नगरपालिका क्षेत्र" भन्नाले मधुवन नगरपालिकाको भूभाग सम्झनु पर्छ ।

मधुवन नगरपालिकाको नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

ढ. “पदाधिकारी” भन्नाले व्यवस्थापन समिति अध्यक्ष, उपाध्यक्ष र सदस्य लगाएतका पदाधिकारीलाइ सम्झनुपर्छ ।

ण. “समिति” भन्नाले दफा ३ बमोजिम गठित नगरअस्पताल संचालन तथा व्यवस्थापन समितिलाइ सम्झनु पर्छ ।

त. “शाखा” भन्नाले कार्यपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्छ ।

मधुवन नगरपालिकाको नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

## परिच्छेद-२

## अस्पताल व्यवस्थापन समितिको गठन तथा संचालन

**३. समितिको गठनः**

(१) अस्पतालको संचालन तथा व्यवस्थापनको लागी देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।

क. नगरप्रमुख- संरक्षक

ख. नगरपालीका भित्र बसोबास गर्ने सामाजिक क्षेत्रको अनुभवी व्यक्तिहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको व्यक्ति - अध्यक्ष

ग. सामाजिक विकास समितिको संयोजक- सदस्य

घ. सम्बन्धित अस्पताल रहेको वडाको अध्यक्ष- सदस्य

ङ. प्रमुख प्रशासकिय अधिकृत- सदस्य

च. नगरपालिका स्वास्थ्य शाखा प्रमुख- सदस्य

छ. नगरकार्यपालिकाबाट मनोनित महिला सदस्य एक जना- सदस्य

ज. नगरपालिका तहको अस्पतालको नर्सिङ्ग इन्चार्ज एक जना- सदस्य

झ. स्थानिय उद्योग व्यापार संघको अध्यक्ष वा प्रतिनिधि- सदस्य

ञ. नगरपालिका तहको अस्पतालको प्रमुख- सदस्य सचिव

(२) नगर अस्पताल व्यवस्थापन समितिले आमन्त्रीत सदस्यको रुपमा स्थानिय सुरक्षा प्रमुख, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका र विषयगत विज्ञलाइ वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**४. पदावधिः**

समितितका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ । तर पदाधिकारिको पदावधि बाँकी रहदै स्थानिय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतः समाप्त हुनेछ ।

**५. पदावधि रिक्त हुनेः** निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछ;

क. मृत्यु भएमा ।

ख. राजिनामा दिएमा ।

ग. बिना सुचना लगातार तीनपटक समितिको वैठकमा अनुपस्थित भएमा ।

घ. फौजदारी अभियोग प्रमाणित भएमा ।

ङ. स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणित भएमा ।

६. <u>काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क. नेपाल सरकारबाट जारी गरिएको आधारभुत स्वास्थ्य सेवा प्रवाह र न्युनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

ख. अस्पतालबाट गुणस्तरिय, प्रभावकारी एं दिगो सेवा प्रवाहको लागी स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक निति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने गराउने ।

ग. अस्पतालको नियमित संचालन र व्यवस्थापनको लागी आवश्यक श्रोत साधान जुटाउन पहल गर्ने र वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने ।

घ. अस्पतालबाट प्रवाह भएका सेवाहरुको नियमित अनुगमन र समिक्षा गरी सेवाको नरन्तर रुपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

ङ. स्वास्थ्य सेवा तथा सुबिधा सम्बन्धि राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चतताको लागी आवश्यक प्रबन्ध मिलाउने ।

च. अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास एवं वृत्ति विकासको लागी आवश्यक कार्य गर्ने । अस्पतालको जनशक्तिको सेवा, शर्त, परिश्रमिक र अन्य सुविधाहरुका सम्बन्धमा कार्यपालीकालाइ सिफरीस गर्ने ।

छ. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागी आवश्यक मानव श्रोत व्यवस्थापन सम्बन्धि कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाइ सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागी प्रोत्साहित गर्ने ।

ज. स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित स्थानीय समुदायलाइ स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरु गर्ने ।

मधुवन नगरपालिकाको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०

झ. भुगोल, अल्पसंख्यक, आदिवासि, दलित, जनजाति, जेष्ठ नागरीक, विपन्न वर्ग, अपाङ्गता भएका, बालबालीका, किशोर किशोरी, महिला समुह समेतलाइ मध्येनजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

ञ. स्वास्थ्य विमा कार्यक्रम, खोप कार्यक्रम, बाल स्वास्थ्य तथा मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरुको कायान्वयनको आवश्यक प्रबन्ध मिलाउने ।

ट. अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरुलाइ निशुल्कवा सहुलियतपुर्ण स्वास्थ्य सेवा प्रदान गरेन आवश्यक प्रबन्ध मिलाउने ।

ठ. अस्पतालको भौतिक सम्त्तिको एकिन तथ्यङ्क अध्यवधिक गर्न एवं सम्पत्तीको संरक्षण तथा मर्मत संभारको व्यवस्थापन गर्ने ।

ड. अस्पतालबाट दिइने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

ढ. भौगोलिक कार्य क्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

ण. स्वास्थ्य सेवामा सुशासन, जन सहभागीता र सामाजिक जवाफदेहीता सुनिश्चित गर्ने, सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाइ सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

त. विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागी नगरपालिका अन्तरगतका नगरपालिका सामाजिक विकास समिति र जनस्वास्थ्य शाखा संग आवश्यक समन्वय गर्ने ।

थ. अघिल्लो वैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरु समाधाका लागी नगरपालिका तथा सम्बन्धित निकायलाइ पठाउने ।

द. अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागी कार्पालिकालाइ सिफरिस गर्ने ।

ध. अस्पतालको विकासका लागी आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गर्ने ।

न. अस्पताल संचालनको लागी नगरपालिकाले दिएका निर्देशनहरु र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने गराउने ।

ऩ. अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका गुनासोहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने ।

प. अस्पतालको मासिक प्रगति प्रतिवेदन हरेक महिना एच.एम.आइ.एस. अनुसार तयार गरि डि.एच.आइ.एस.२ मा तथ्याङ्क प्रविष्ट गर्ने ।

मध्युन नगरपालिकाको नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

फ. नेपालको संविधान स्थानीय सरकार संचालन ऐन, जनस्वास्थ्य सेवा ऐन, स्थानीय स्वास्थ्य ऐन लगायत प्रचलित कानुन र निति बमोजिम स्वास्थ्य सम्बन्धि स्थानिय तहको एकल तथा साझा अधिकारहरु कार्यान्वयनका लागी व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

ब. संघ, प्रदेश र स्थानिय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरु संचालन गर्ने ।

भ. नरपालिकाले तोके बमोजिम गर्ने ।

७. <u>समितिको वैठक र संचालन विधिः</u>

क. समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा दुइ महिनाको एक पटक समितिको वैठक बोलाउनु पर्नेछ । तर आवश्यकता अनुसार जुनसुकै अवस्थामा पिन वैठक बस्न सक्नेछ ।

ख. समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा वैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

ग. समितिको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ । कुनै विषयमा मत विभाजन भइ बराबर भएमा अध्यक्षले निर्णयाक मत दिन पाउनेछन । तर आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन ।

घ. समितको अध्यक्षको अध्यक्षतामा वैठक बस्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षको अध्यक्षतामा वैठक संचालन हुनेछ ।

ङ. वैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

च. व्यवस्थापन समितिको वैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

## <u>परिच्छेद-३</u>

## <u>कोष तथा लेखा परीक्षण</u>

८. <u>अस्पतालको कोषः</u>

(१) अस्पताल  संचालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै कोष रहनेछ ।

(२) उप दफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन र स्वास्थ्य संस्थाको खर्च सो कोषबाट व्यहोरिनेछ ।

क. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

ख. नगरपालीकाबाट प्राप्त रकम ।

ग. अस्पतालको आम्दानीबाट प्राप्त रकम ।

माधव नगरपालिकाको नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

घ. कुनै व्यक्ति, स्वदेशी विदेशी दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

ङ. व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।

च. अस्पतालले संचालन गरेको सेवा वापत प्राप्त रकम ।

छ. वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिबाट अनुदान वा सहयोग रकम ।

ज. अन्य श्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (२) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानुन बमोजिम स्विकृति लिनुपर्नेछ ।

(४) अस्पताललाइ प्राप्त हुने सवै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नुपर्नेछ ।

(५) अस्पताल व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पुर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ ।

(६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवं मुल्य मान्यता प्रतिकुल नहुने कुरो सुनिश्चित गरी आन्तरीक श्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको सदुपयोग गर्न सक्नेछ ।

९. <u>कोष तथा खाता संचालनः</u>

(१) व्यवस्थापन समिति र अस्पतालको आयव्याय दुरुस्त राख्न समितिले निर्णय गरी तोकेको१ जना पदाधिकारी र अस्पताल प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) अस्पतालको आयव्यायको लेखा  नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता संचालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्विकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा हुनेछ । साथै सो खाता प्रचलित कानुन वमोजिम संचालन हुनेछ ।

(४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता संचालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धि कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यव तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखा परीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु पछ्यौट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधि सम्बन्धि कानुन बमोजिम हुनेछ ।

मधुवन नगरपालिकाको नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

(६) अस्पताललाइ आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धि व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

१०. <u>लेखा परीक्षणः</u>

(१) अस्पताल व्यवस्थापन समितिले तोकीए बमोजिम अस्पतालको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(२) अस्पतालको आय व्याय विवरण नगरपालीकाको आर्थिक प्रशासन शाखाबाट समय समयमा चेक जाँच गरिनेछ ।

(३) आन्तरीक लेखा परीक्षण नगरपालिकाको आन्तरीक लेखा परीक्षण शाखाबाट हुनेछ ।

(४) समितिको अन्तिम लेखा परीक्षण नगरपालिकाको श्रेस्ता संगै महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

११. <u>वैठक भत्ताः</u> समितिका सदस्यहरुको वैठक भत्ता तथा वैठक सम्बन्धि अन्य खर्च नगरपालीकाको आर्थिक नियमावली बमोजिम व्यवस्थापन समितिको आम्दानीबाट व्योहोर्ने गरी हुनेछ ।

१२. <u>सेवा शुल्क सम्बन्धि व्यवस्थाः</u> अस्पतालबाट प्रदान गरीने सेवाको आवश्यक शुल्क समितिको सिफारीसमा कार्यपालीकाले निर्णय गरे बमोजिम हुनेछ । तर निशुल्क भनि तोकीएका सेवाको शुल्क लिन पाइनेछैन ।

## परिच्छेद-४

## जनशक्ति औषधि तथा उपकरणको व्यवस्थापन

१३. <u>कर्मचारी व्यवस्थापनः</u>

(१) अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले दरबन्दि निर्धारण गरे अनुसारको देहाय बमोजिमका कर्मचरीको व्यवस्था हुनेछ ।

क. स्थायी नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोक सेवा बाट पद पुर्ति हुने स्थायी जनशक्ति

ख. करार-करार सेवामा भर्ना गरीएका जनशक्ति ।

ग. अभ्यासकर्ता- छात्रावृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरुले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पुर्ण वा आंशिक रुपमा नगरपालिकाको सहयोग प्राप्त गरी छात्रावृत्तिमा अध्ययन गरेका विद्यार्थी ।

मधुवन नगरपालिकाको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०

घ. विषय विज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वच्छिक सेवा उपलब्ध गराएका व्यक्तिहरु ।

ङ. विभिन्न शैक्षिक संस्थाहरुबाट इन्टनसिप (OJT) विद्यार्थीहरु ।

(२) अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको कर्मचारीबाट गराउन अपुग भएमा अस्पतालले नगरपालिकाको स्विकृति लिइ आफ्नै श्रोत बाट आर्थिक व्यवस्थापन गर्ने गरी सेवा करारमा थप कर्मचारी नियूक्ति गर्न सक्नेछ ।

(३) सेवा करार वा करार सेवामा कर्मचारी नियूक्ति गर्दा खुल्ला प्रतिस्प्रधात्मक पद्धति अनुरुप प्रचलित कानुन बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(४) अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीहरुको सेवा सर्त र सुविधा प्रचलित कानुनमा व्यवस्था भए भन्दा कम नहुने गरी समितिले निर्धारण गर्नेछ ।

(५) यो कार्यविधि प्रारम्भ हुँदाका बखत अस्पतालमा कार्यरत कर्मचारीहरुलाइ व्यवस्थापन समितिको आर्थिक सक्षमता भएको अवस्थामा थप सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(६) नियमित वाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाइ समितिले निर्णय गरी थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

(७) कार्यपालिकाले व्यवस्थापन समितिको सिफारिसमा जनशक्तिको दरबन्दि संसोधन गर्न सक्नेछ ।

(८) कार्यपालिकाले अस्पताललाइ आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरी अस्पताललाइ सिफारिस गर्नेछ ।

(९) कार्यालय प्रमुखको रुपमा अस्पताल प्रमुखले कार्य गर्नेछ ।

(१०) अस्पतालका प्रमुख संग प्रमुख प्रशासकिय अधिकृतले र अन्य कर्मचारीसंग अस्पताल प्रमुखले कार्य सम्पादन करार गर्नेपर्नेछ ।

(११) समितिले जनशक्तिको क्षमता अभिवृद्धिका लागी आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ ।

(१२) समितिले अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गर्न आवश्यक जनशक्ति अपुग भएमा कार्यपालिकाको स्विकृतिमा जनशक्ति व्यवस्थापन गर्नेछ ।

(१३) समितिले नगरपालिका संग समन्वय गरी सरकारी निज तथा गैर सरकारी स्वास्थ्य संस्था संगको साझेदारीमा सेवा करार मार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

१४. **अभ्यासकर्ता सम्बन्धि व्यवस्थाः**

अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी तथा न्युनतम शैक्षिक योग्यता पुगी सम्बन्धित

परिषदमा दर्ता भएका साथै अध्ययनरत विद्यार्थीहरुलाइ अस्पतालले प्रचलित कानुन बमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ ।

१५. <u>कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सेवा सुविधाः</u>

कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सम्पुर्ण सेवा सुविधा अतिरीक्त समय रात्रिकालिन सेवा तथा सट्टा विदा प्रचलित कानुन बमोजिम तथा समितिले तोके बमोजिम हुनेछ ।

१६. <u>अस्पताल प्रमुखको काम कर्तव्य र अधिकारः</u>

(१) अस्पताल व्यवस्थापन समितिको अधिनमा रहि नेपाल सरकार बाट जारी गरीएका आधारभुत स्वास्थ्य सेवा तथा आवश्कता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्युनतम सेवा मापदण्डलाइ कार्यान्वयन गर्न र अस्पतालको दैनिक सेवा संचालन गर्ने ।

(२) अस्पताल संचालनका लागी सरकारी तथा गैर सरकारी संस्थाहरु संग समन्वय गर्ने ।

(३) अस्पताल संचालनका लागी बार्षिक बजेट कार्यक्रम तयार गरी कार्यपालिकामा पेश गर्ने ।

(४) अस्पतालको गुणस्तर कायम राख्न क्षमता अभिवृद्धि गर्न स्तर उन्नति गर्न तथा अन्य आवश्यक कार्यहरु गर्न समितिले तोके बमोजिम हुनेछ ।

(५) अस्पतालको कार्यालय प्रमुख भइ कामकाज गर्ने ।

१७. <u>संयोजकको काम कर्तव्य र अधिकारः</u>

(१) अस्पतालको दैनिक सेवा संचालन गर्न नगरपालिका तथा अन्य निकाय संग समन्वय गर्ने ।

(२) अस्पताल व्यवसथापन समितिको निर्णय निर्देशन कार्यान्वयन गराउने ।

(३) अस्पतालको गुणस्तर कायम राख्न क्षमता अभिवृद्धि गर्न, स्तर उन्नति गर्न तथा अन्य आवश्यक कार्यहरु गर्न समितिले तोके बमोजिम हुनेछ ।

(४) नगरपालिका अस्पताल व्यवस्थापन समिति र अस्पताल प्रमुखले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

१८. <u>औषधि खरिद भण्डारण तथा विरतणः</u>

(१) नगरपालिकाबाट निशुल्क वितरण गर्ने औषधि तथा अस्पताल फार्मेशि बाट बिक्रि बितरण गर्ने औषधि अप्रयास भएमा नगरपालिका संगको समन्वयमा अस्पतालले आवश्यक औषधि खरिद गर्न सक्नेछ ।

(२) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधि तथा स्वास्थ्य उपकरणको अनुमान गरि वार्षिक खरिद योजना बनाइ नगरपालिकाबाट स्विकृत गर्नुपर्नेछ ।

(३) अस्पतालले निशुल्क उपलब्ध गराउने औषधि नियमित रुपमा उपलब्धताको व्यवस्था गर्नुपर्नेछ ।

(४) अस्पतालले अस्पतालमा आउने बिरामीको संख्या तथा रोगको आधारमा औषधिको माग तथा आपुर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) औषधि नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधि भण्डरण गर्नुपर्नेछ ।

(६) औषध आपुर्ति तथा वितरणलाइ पारदर्शी बनाउन अस्पताल प्रमुखले एक जना व्यक्ति तोक्नेछ ।

(७) उपदफ (६) बमोजिम तोकीएको व्यक्तिले नियमित जिन्सि श्रेष्ता मिलाउनु पर्ने र दैनिक औषधिको खपतलाइ मौज्दात दैनिक अभिलेख राख्नुपर्ने साथै उपकरणको विवरण दुरुस्त राख्नुपर्नेछ ।

(८) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सि रजिष्ट्ररको लगत राखी व्यवस्थापन समिति समक्ष त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ ।

(९) प्रेस्कृप्सन अनुसार औषधिको समुचित प्रयोगको लागी सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधि लिन आउने व्यक्तिलाइ औषधि दिने व्यक्तिले निम्न बमोजिम जानकारी दिनुपर्नेछ ।

क. औषधिको सेवन विधि र मात्रा ।

ख. औषधिको सेवन अवधि ।

ग. औषधिबाट हुनसक्ने प्रतिअसर ।

घ. औषधि सेवन अवधिभर अपनाउनु पर्ने सावधानी ।

ङ. औषधि सुरक्षित राख्ने स्थान र विधि ।

(१०) औषधि वितरण गर्दा औषधि बिक्रि वितरण सम्बन्धि सहिंता र औषधि सम्बन्धि प्रचलित कानुनको पालना गर्नुपर्नेछ ।

(११) अस्पतालको आपुर्ति व्यवस्थापन सुचना प्रणालीमा नियमित रुपमा औषधि उपकरणको विवरण पठाउनुपर्नेछ ।

१९. <u>फर्मेसी संचालन गर्नेः</u>

(१) निशुल्क औषधि वितरण तथा अस्पतामा आवश्यक औषध बिक्री वतरण गर्न अस्पतालले आफ्नै फार्मेसी संचालन गर्नेछ ।

(२) फार्मेसी मार्फत बिक्री वतरण गर्ने औषधिको व्यवस्थापन नगरपालिकाको समन्वयमा अस्पतालले गर्नेछ ।

(३) फर्मेसी संचालन सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन र फार्मेसी संचालन निर्देशिका बमोजिम हुनेछ ।

२०. <u>एम्बुलेन्स संचालनः</u>

(१) अस्पतालले आफ्नै श्रोतबाट वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ ।

(२) एम्बुलेन्स संचालन सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

२१. <u>आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनः</u>

(१) अस्पतालले २४ सै घण्टा आकस्मिक सेवा प्रदान गर्नुपर्नेछ ।

(२) अस्पतालमा संभव उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयूक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

(३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण सम्बन्धित स्वास्थ्यकर्मिको जिम्मेवारी र कर्तव्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(४) अस्पातालले प्रदान गरेको सेवा मध्ये आधारभुत स्वास्थ्य सेवा भित्र पर्ने आकस्मिक उपचार निशुल्क उपलब्ध गराउनु पर्नेछ । र आधारभुत सेवा वाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य विमा भएको हकमा सोही विमाबाट र विमा नभएको वा विमा रकमले नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति निजको अभिभावक परीवारका सदस्य संरक्षक वा संरक्षकत्व गरीरहेको व्यक्तिले व्यहोर्नुपर्नेछ ।

(५) अस्पतालमा कसैलाइ पनि आकस्मिक उपचार सेवाबाट बञ्चित गरिने छैन । अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाइ नगरपालिकाको आकस्मिक उपचार कोषबाट वा अन्य शिर्षक बाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलब्ध गराउनु पर्नेछ ।

२२. <u>सेवा व्यवस्थापनः</u>

(१) अस्पतालमा प्रशासनिक कार्यालय,ओ पि डि, प्रयोगशाला, वार्डहरु, इमेजिङ्ग कक्ष, शल्यक्रिय कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ दर्ता कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड बमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागी आवश्यक न्युनतम भौतिक पुर्वाधार उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ ।

(२) अस्पतालले वहिरङ्ग विभागमा आउने विरामीको चापका आधारमा विरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनेछ ।

(३) अस्पतालको वहिरङ्ग सेवा प्रदान गर्ने विशेषज्ञ वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका ( दिन र बार र समय) खुल्ने गरी सबैले देख्ने ठाउँमा राख्नेछ ।

(४) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सक बाटै प्रदान गर्ने व्यवस्था मिलाउनेछ ।

(५) विरामिले आफुले सेवा लिन चाहेको विषयको चिकित्सक बाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नेछ ।

(६) अस्पतालले २४ सै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मिबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउनेछ ।

(७) विरामि वा विरामीको रेखदेख गर्ने व्यक्तिलाइ रोग र उपचार पद्धति बारे स्पष्ट जानकारी दिने व्यवस्था हुनेछ ।

(८) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ । र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ ।

(९) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मिहरुको सुरक्षका लागी विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनेछ ।

(१०) अस्पतालले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम संचालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ ।

(११) अस्पताल हाता भित्र सेवाग्राही तथा सेवा प्रदायकका लागी शौचालय र हात धुने ठाउँ व्यवस्था हुनुपर्नेछ । शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र साबुन उपलब्धता गराउनुपर्नेछ ।

(१२) अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार श्रोतनै अलग अलग छुटयाउने, संकलन, ढुवानि तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(१३) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुघर राख्नुपर्नेछ ।

(१४) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपि, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनका लागी लण्ड्रीको व्यवस्था गर्नुपर्नेछ ।

(१५) अस्पताल हाता भित्र खाना पकाउने र खाना खाने अलग अलग ठाउँ सहितको सफा र सुविधयूक्त क्यान्टिनको व्यवस्था गर्नुपर्नेछ ।

(१६) अस्पतालमा विरामि र अन्य व्यक्तिहरुका लागी २४ सै घण्टा विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको शुद्ध पानी आपुर्ति हुनुपर्नेछ ।

(१७) अस्पताल क्षेत्र भित्र सवै विभागहरुमा २४ सै घण्टा विद्युत आपुर्ति र अटोमेटिक व्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ ।

(१८) अस्पतालमा उपचारका लागी आउने विपन्न असहाय, वेवारिसे विरामीका लागी कुल शैयाको १० प्रतिशत निशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध हुनेछ । थप निशुल्क उपचारको समितिको निर्णयानुसार हुनेछ ।

(१९) उपदफा (१८) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी नगरकार्यपालिकामा सोको प्रतिवेदन नियमित रुपमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ ।

(२०) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ । साथै ठुला र गम्भिर प्रकृतिका औजार उपकरणहरु कम्पनिले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्य योजना बनाइ सोही अनुसार मर्मत गरेको हुनुपर्नेछ ।

(२१) अस्पतालको भवन, सवारी साधन, मेशिनरी औजार, यन्त्र, उपकरण, विद्युतिय उपकरण र अन्य विद्युतिय उपकरणको नियमित मर्मत सम्भार गर्ने व्यवस्था हुनुपर्नेछ ।

(२२) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको प्रबन्ध हुनुपर्नेछ ।

(२३) आपतकालिन अवस्थामा प्रयोग हुने सामाग्रीहरुको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ । यस्तो भण्डारणमा कम्तिमा १ महिनाको लागी अति आवश्यक सामाग्री स्टक राख्ने व्यवस्था हुनुपर्नेछ ।

(२४) अस्पतालमा सुरक्षा व्यवस्थाको लागि सुरक्षा गार्डको व्यवस्था हुनुपर्नेछ ।

(२५) अस्पतालमा विभिन्न शाखा तथा इकाइबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गुणस्तरिय रुपमा संचालन गर्न समितिले छुट्टै कार्य संचालन निर्देशिका तयार गरी लागु गर्नेछ ।

(२६) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरीक, बालबालिका र अपाङ्गमैत्रि हुनुपर्नेछ । साथै अस्पतालमा ह्विलचियर, ट्रलि, स्टेचर राख्नुपर्नेछ र त्यस्ता सामाग्रीहरु सेवाग्राहीले सहज रुपमा देख्ने ठाउँमा राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(२७) स्वास्थ्य सेवा संचालन र पुर्वाधार सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ ।

मधुवन नगरपालिकाको नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

## परिच्छेद-५

## सुचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

२३. अस्पताल सुचना प्रणालीः

(१) अस्पतालबाट प्रदान गरीएका सेवा सम्बन्धि सम्पुर्ण तथ्यङ्कहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धि सुचना नगरपालिका, प्रदेश तथा संघको सम्बन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनुपर्नेछ ।

(३) अस्पतालबाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सुचना प्रणालि अनुसार हुनेछ ।

(४) विरामिले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क प्रक्रिया तथा अवधि समेत खुलाएको अनुसुचि १ बमोजिमको नागरीक वडा पत्र अस्पतालको अग्रभागमा देखीनेगरी राख्नुपर्नेछ । र सोही अनुरुप सेवाहरु सुनिश्चितता गर्नुपर्नेछ ।

(५) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगाएतको आकस्मिक सेवाको टेलिफोन नम्बरहरु स्पष्ट देखीने गरी राख्नुपर्नेछ ।

(६) अस्पतालमा आउने बिरामीलाइ आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाइ आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ ।

(७) अस्पतालभित्र प्रभावकारी सुचना सम्प्रेषणका लागी आन्तरिक टेलिफोनको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ ।

(८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका बारेमा समय समयमा अस्पतालले जनचेतनामुलक अभियान संचालन गरी जनसमुदायलाइ जानकारी गराउनेछ ।

(९) अस्पतालले स्वास्थ्य सम्बन्धि तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सुचना प्रणालिले तोके बमोजिम प्रेषण तथा डि एच आइ एस २ मा प्रविष्ट गर्नुपर्नेछ ।

(१०) अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्य सम्बन्धि व्यक्तिगत सुचना, कागजात, जानकारी, तथ्यङ्क तथा अभिलेखको गोपनियताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ ।

२४. <u>गुनासो व्यवस्थापनः</u>

(१) अस्पतालले सवैले देख्ने ठाउँमा सुझाव तथा उजुरी पेटिका राख्ने र प्रत्येक हप्ता नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धि गुनसो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागी छुट्टै एक अधिकारी तोक्नेछ ।

२५. <u>प्रेषण सम्बन्धि व्यवस्थाः</u>

(१) उपचारको लागी आएको विरामीलाइ उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारको लागी तुरुन्त त्यस्तो विरामीलाइ उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ । तर अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुन सक्ने अवस्था हुँदा हुँदै प्रेषण गर्न पाइनेछैन ।

(२) अस्पतालले प्रेषण गर्ने संस्थाहरुको पुर्व पहिचान गरी सो को अध्यावधिक सुचि राख्नुपर्दछ । र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चितता गरेर मात्र पठाउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रेषण गर्दा विरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिलेनै पठाउने व्यवस्था गर्नुपर्नेछ ।

(४) विरामीलाइ अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अध्यावधिक गरीराख्नुपर्नेछ ।

(५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदण्ड बमोजिमका न्युनतम उपकरण र सेवा उपलब्ध गराउनुपर्नेछ ।

(६) यस दफामा अन्यत्र जुन सुकै कुरा लेखीएको भएतापनि सेवाग्राहीको इच्छा बमोजिम निजलाइ पाएक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्नेछैन ।

(७) प्रेषण गर्दा गर्भवती महिला, गम्भिर अवस्थाका विरामी र विपन्न नागरीकलाइ अस्पतालले एम्बुलेन्स सेवामा सहुलिएत प्रदान गर्न सक्नेछ ।

(८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धि व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(९) प्रेषण भएका विरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकिकरण गर्न सक्नेछ ।

(१०) अस्पतालमा प्रेषण भइ आएका विरामीलाइ डिस्चार्ज गर्दा प्रेषण फिर्ति पुर्जा सहित डिस्चार्ज गरी सोको विवरण अध्यावधिक पुर्ण रुपमा राख्नुपर्नेछ ।

(११) उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा विरामीलाइ देहायका विवरणहरु उल्लेख गरी अनुसुचि २ बमोजिमको डिस्चार्ज सारसं दिनुपर्नेछ ।

क. विरामीको परिचय पत्र नं ।

ख. मुख्य समस्याहरु ।

ग. भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टको साराशं ।

घ. तत्काल गरीएको परीक्षणको साराशं ।

ङ. उपचारको क्रममा भेटिएका तथ्य ।

च. उपचारको क्रममा अपनाइएका प्रक्रिया ।

छ. उपचारको क्रममा अस्पतालमा रहेको अवधि ।

ज. गरीएको उपचारको विवरण ।

झ. डिस्चार्ज हुदाँको अवस्था, सो समयमा दिइएको निर्देशन तथा डाइट, व्यायम, उपचार पद्धति, औषधिको मात्रा, प्रक्रिया तथा अवधि ।

ञ. पुनः आउनुपर्ने वा नपर्ने जानकारी ।

ट. निदानात्मक जाँचहरुको साराशं ।

ठ. अन्य आवश्यक कुराहरु ।

## परिच्छेद-६

## विविध

२६. **अस्पतालको छापः** अस्पतालको सम्पुर्ण कामकारवाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ । छापको नमुना र आकार अनुसुची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

२७. **अस्पतालको संगठन संरचनाः** अस्पतालको आफ्नै संगठन संरचना हुनेछ । संगठन संरचना प्रचलित कानुन बमोजिम स्वास्थ्य मन्त्रालय बाट जारी १० सैयाको नगर अस्पतालको संगठन संरचना बमोजिम हुनेछ साथै आवश्यकता अनुसार कर्मचारी थपघट गर्न परेमा नगरकार्यपालिकाको निर्णय अनुसार गर्न सकिनेछ ।

२८. **साझेदारी गर्न सक्नेः** अस्पतालले अस्पतालको सेवालाइ व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तर उन्नती सरसफाइ तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लण्ड्री, एम्बुलेन्स तथा शव वाहन सेवा लगाएतका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा संचालन गर्न

नगरपालिकाको नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

नगरपालिका संग समन्वय गरि आवश्यकता कानुन बमोजिम सामुदायीक, सरकारी निजि तथा गैर सरकारी निकाय वा संस्था संग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ ।

२९. <u>बार्षिक प्रतिवेदन पेश गर्ने:</u> समितिले वर्ष भरीको कामकारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

३०. <u>निर्देशन पालना गर्नुपर्ने:</u> कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

३१. <u>नगरपालिकालाइ आर्थिक दायित्व सिर्जना गर्न नहुने:</u> नगरपालिकाको स्विकृति बिना समितिले नगरपालिकालाइ थप आर्थिक भार पर्ने गरी दायित्व सिर्जना गर्न हुदैन ।

३२. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने:</u> समितिले आफुलाइ प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

३३. <u>कार्यविधिको पालना गर्नुपर्ने:</u> यस कार्यविधिको पालना गर्नु नगरपालिका भित्रका नगरपालिकाबाट सरकारी अस्पतालको दायित्व हुनेछ ।

३४. <u>व्याख्या गर्ने अधिकार:</u> यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भइ कार्यान्वयनमा वाधा आइ परेमा नगरकार्यपालीकाले सोको व्याख्या गर्नेछ ।

३५. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएमा विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

३६. <u>संसोधन गर्नुपरेमा:</u> यस कार्यविधिमा उल्लेख भएका विषयहरुको संसोधन गर्नुपरेमा कार्यपालिकाबाट संसोधन हुनेछ ।

मधुवन नगरपालिकाको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०

## अनुसुचि १

### दफा (२३) उपदफा (४) संग सम्बन्धित
### अस्पतालबाट प्रदान गरीने सेवाको
### नागरीक वडापत्रको ढाँचा

| क सं | शाखा/वार्ड | प्रदान गरीने सेवाको विवरण | सम्बन्धित सम्पर्क व्यक्ति | प्रक्रिया | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

मधुवन नगरपालिकाको नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

## <u>अनुसुची २</u>

### दफा (२५) को उपदफा (११) संग सम्बन्धित

### डिस्चार्ज सारांशं ढाँचा

| | |
|---|---|
| ................................... अस्पताल<br>डिस्चार्ज सारांशं | |
| बिरामीको नामः | उमेरः |
| विरामीको ठेगानाः | सम्पर्क नं |
| अस्पतालको वार्डः | युनिटः |
| विरामीको परिचय पत्र नं/ दर्ता नः | मितिः |
| समस्याहरुः<br>................................<br>................................ | |
| परिक्षण विवरणः<br>.................................<br>................................. | |
| उपचारको क्रममा भेटिएका तथ्य उपचार प्रक्रिया र पद्धतिः<br>.........................................................................................................................................<br>................. | |
| उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधिः<br>भर्ना भएको मिति र समयः | |
| उपचार सम्बन्धि विवरणः<br>.................................... | सिफारिस औषधिको नाम, मात्रा र अवधि<br>........................................................ |
| डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था, सो समयमा दिएको निर्देशनः<br>.......................................................................................... | |
| पुनः अस्पताल बउने (follow up) सम्बन्धि विवरणः<br>यस उपचारको क्रममा पुनः अस्पताल आउनुपर्ने वा नपर्ने<br>आउनुपर्ने मितिः | |
| अन्य आवश्यक कुराहरुः<br>....................................................... | |
| ....................................<br>इन्चार्जको हस्ताक्षर | |

## <u>अनुसुची ३</u>

### दफा (२६) संग सम्बन्धित

### अस्पतालको छाप

मधुवन नगरपालिकाको नगर अस्पताल २०८०